नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com


प.सं.:-२०७६/७७
च.नं.:- १६९

मितिः २०७६/०८/०४

विषयः सुझाव तथा सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(मोरङ्ग, उदयपुर, धनुषा र रौतहट जिल्लाका सबै)

प्रस्तुत विषयमा संघीय संसद, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समितिको च.नं. ५९ मिति २०७६/०७/२७ को पत्रको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ ।
अतः उक्त समितिले २०७६ असार - श्रावणको बाढी, पहिरो र डुबानको प्रकोपमा परेका प्रदेश नं. १ र २ का विभिन्न स्थानका स्थलगत अनुगमन गरी तयार प्रतिवेदनमा दिईएका सुझाव र सिफारिसहरु कार्यान्वयनका लागि अनुरोध भई आएको हुँदा तहाँसंग सम्बन्धित सुझाव तथा सिफारिसहरुको कार्यान्वयन गरी सो को प्रगति प्रतिवेदन पठाईदिनुहुनको लागि आदेशानुसार अनुरोध छ । साथै पाना ६ को उक्त अनुगमन प्रतिवेदनको छायाँप्रति यसै साथ संलग्न रहेको व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ
श्री संघीय संसद, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समिति, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समिति (मोरङ्ग, उदयपुर, धनुषा र रौतहट, आवश्यक सहजिकरणको लागि) ।
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनु हुन) ।

# संघीय संसद

## (राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समिति)

संसद भवन,
सिंहदरबार, काठमाडौं, नेपाल ।
मिति : २०७६/०७/२७

प.सं. ०७६।७७
च.नं. ४९

विषय : सुझाव तथा सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कृषि तथा पशुपंक्षी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।


उपरोक्त सम्बन्धमा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिले २०७६ साल असार- श्रावणको बाढी, पहिरो र डुबानको प्रकोपमा परेका प्रदेश नं.१ र प्रदेश नं.२ का मोरङ्ग, उदयपुर, धनुषा र रौतहट जिल्लाहरुको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा दिइएका सुझाव तथा सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने भनी २०७६।५।१५ गते बसेको बैठकबाट निर्णय भएकोले सिफारिसहरुको छायाँकपी यसैसाथ संलग्न गरी पठाईएको छ । तहाँ मन्त्रालयसँग सम्बन्धित सुझाव तथा सिफारिस कार्यान्वयन गरी सोको प्रगति प्रतिवेदन पठाई दिनु हुन आदेशानुसार अनुरोध छ ।

(जलेश्वर राम)
शाखा अधिकृत (कानून)

फोन नं. ०१-४२००२३१ फ्याक्स : ०१-४२००१४१ ईमेल : lawsection@parliament.gov.np

# २०७६ साल असार - श्रावणको बाढी, पहिरो र डुबानको प्रकोपमा परेका प्रदेश नं १ र प्रदेश नं २ का केही जिल्लाहरुको स्थलगत अनुगमन प्रतिवेदन,२०७६

(अनुगमन मिति : २०७६ साल श्रावण ९-१२ गतेसम्म)



राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन,

अनुगमन तथा मूल्यांकन समिति

सिंहदरबार, काठमाडौं

## ३.३.सुझाव तथा सिफारिस

### ३.३.१.तत्काल गर्नु पर्ने कार्यहरु :

१. वास्तविक पीडितको पहिचान गरी तथ्यपरक विवरण संकलन गर्नुपर्ने ।

२. आश्रयस्थलमा रहेका विस्थापित परिवारलाई खाद्यान्न उपलब्ध गराउनु पर्ने साथै विउविजन, पशु पंक्षी र खेतीवाली समेत डुवानमा परेको हुँदा आगामी वर्ष

खाद्यान्नको अभाव हुने देखिएकोले नेपाल सरकार मार्फत आवश्यक मात्रामा खाद्यान्न उपलब्ध गराउनु पर्ने ।

३. आश्रयस्थलमा रहेका पीडितहरुलाई तत्कालै अल्पकालीन बसोबासको व्यवस्था मिलाउनु पर्ने ।

४. बाढीसँगै सर्पको टोकाई व्यापक हुने भएकाले सर्पदंशको औषधी र चिकित्सकको तत्काल र सहज रुपमा पाउने गरी व्यवस्था मिलाउनु पर्ने ।

५. बाढी तथा डुवानपछि आउन सक्ने महामारी तथा रोगव्याधिलाई रोकथाम गर्न आवश्यक सावधानी अपनाउने सम्बन्धमा उपयुक्त संयन्त्र परिचालन गरिनु पर्ने र त्यस्तो अवस्थामा तत्कालै फिल्डमा स्वास्थ्य टोलीहरु खटाउन सकिने किसिमले तयारी अवस्थामा राख्नुपर्ने ।

६. मनसुन अझै बाँकी रहेको र बाढी, डुवान अझै हुने सम्भावना भएकोले उद्धारका लागि बाढीवाट प्रभावित जिल्लामा १० वटा जति रबरका डुङ्गाहरु आवश्यक मात्रामा लाईफ ज्याकेट लगायतका अन्य उद्धारसँग सम्वन्धित सामग्रीहरु नेपाल सरकारले तत्कालै उपलब्ध गराई तयारी अवस्थामा राख्नु पर्ने । साथै, त्यस्ता डुङ्गाहरु आगामी वर्षहरुमा समेत प्रयोगमा ल्याउन सकिने गरी जिल्ला विपद् व्यवस्थापन समिति मातहत रहने गरी सुरक्षित राख्नु पर्ने ।

७. सडक खाल्टाहरुमा पानी जम्ने र त्यस्ता खाल्टाहरुमा बच्चा लगायतले डुबेर ज्यान गुमाउने गरेकाले त्यस्ता खाडलहरु पुर्नु पर्ने ।

८. गर्मीका कारण वालवालिकाहरु पानीमा पौडी खेल्न जाने क्रममा ज्यान गुमाएको पाईएकोले सचेत गराउनु पर्ने ।

९. जिल्लाका बाढी तथा डुवानग्रस्त गाउँहरुमा खानेपानीको शुद्धीकरण गर्न पियुष तथा ब्लीचिङ्ग पाउडर जस्ता पानी शुद्धीकरण गर्ने औषधीहरु निःशुल्क उपलब्ध गराउनु पर्ने ।

१०. खानेपानीका धाराहरुलाई मर्मत गरी तथा कतिपय स्थानमा नयाँ ट्यूवेलहरु राखी खानेपानीलाई सुचारु गर्नु पर्ने ।

११. खेती गरिने विउविजन समेत डुवानमा परेकोले विउविजन उपलब्ध गराउनु पर्ने ।

१२. पठनपाठन अवरुद्ध भएका विद्यालयहरुमा तत्काल पठनपाठन सुचारु गर्नु पर्ने ।

१३. खेतीयोग्य जमिन समेत बालुवामा पुरिएकोले आगामी वर्ष खेती लगाउनका लागि जनसहभागितामूलक कार्यक्रम मार्फत खेतको बालुवा हटाउन किसानलाई सहयोग पुऱ्याउनु पर्ने ।

१४. बाढी तथा डुवानबाट प्रभावितहरुको उद्धारका लागि प्रत्येक प्रदेशमा कम्तीमा दुई हेलिकप्टरको व्यवस्था मिलाउनु पर्ने ।

१५. बढी जोखिमयुक्त बस्ती तथा स्थानहरुमा साइरन तथा अन्य सूचनाका माध्यमहरुको व्यवस्था गरी बाढी तथा डुवान सम्बन्धी पूर्वसूचना सम्प्रेषण प्रणालीको स्थापना गर्नु पर्ने ।

## ३.३.२ दीर्घकालीन महत्वका साथ गरिनु पर्ने कार्यहरु :

१. तराई मधेशको बाढी तथा डुवान सम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने ।

२. मानव रहित चुरे संरक्षणका लागि दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने ।

३. चुरे क्षेत्रमा भइरहेको दोहनले तराई मधेश गम्भीर रुपमा प्रभावित हुने अवस्था रहेकोले चुरे क्षेत्रको अतिक्रमणलाई पूर्णतः निषेध गर्ने र आवश्यक पर्ने स्रोतको लागि अध्ययन गरी वैकल्पिक स्थानको खोजी गर्ने ।

४. सीमा क्षेत्रमा बनाएका भौतिक संरचनाको समयमा नै मर्मत सम्भार, पुर्ननिर्माण एवं पुर्नविचार गरिनु पर्ने ।

५. सीमा क्षेत्रको आसपास छिमेकी मुलुक भारतले बनाएका भौतिक संरचनाहरुको कारण डुवानको समस्या सृजना भएको देखिएकोले अर्न्तराष्ट्रिय कानून तथा प्रचलित अर्न्तराष्ट्रिय मान्यता र परम्परा अनुरुप माथिल्लो तटीय तथा तल्लो तटीय राष्ट्रका हक अधिकारका विषयमा अवलम्वन गर्नु पर्ने विधि अनुरुपबहस एवं कुटनीतिक माध्यमबाट पहल हुनु पर्ने ।

६. दलित र अतिविपन्न परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन गरिएकोमा बाढी तथा डुवान पिडित व्यक्तिलाई समेत आवद्ध गरी यस आर्थिक वर्षको लागि जनता आवास कार्यक्रमको बजेटलाई प्रदेश नं. २ मा केन्द्रीत गर्दै बाढी तथा डुवान प्रभावित विपन्न जनताको आवास निर्माण मार्फत स्थायी बसोबासको व्यवस्था मिलाउनु पर्ने ।

७. जोखिमयुक्त स्थानहरुमा रहेका वस्तीहरुलाई उपयुक्त स्थानहरुमा स्थानान्तरण गर्ने र त्यस्ता स्थानहरुमा वस्ती बस्न नदिने तर्फ नीतिगत व्यवस्था गर्नु पर्ने ।

८. हुलाकी सडकमा वर्षायामको पानीको प्रवाहको लागि कम्तीमा प्रत्येक १०० मिटरमा फराकिलो कजवे, कल्भर्ट, पूल, ह्यूमपाईप आदिको प्रवन्ध गर्ने गरी यस सडकको रिडिजाईन गर्नु पर्ने ।

९. सम्भावित विपद् व्यवस्थापनको लागि स्थानीय तहहरुले आफूलाई साधन श्रोत र सामग्रीहरुबाट सुसज्जीत गर्दै तयारी अवस्थामा राख्नु पर्ने ।

१०. बलियो तटबन्ध निर्माण, पानीको प्राकृतिक बहाव तथा छिमेकी मुलुकको सीमा र नेपाली भुभागमा बनेका अव्यवस्थित संरचना हटाउनु पर्ने ।

११. तराई मधेशका नदी, नाला र खोलाहरुबाट हुने कटान र बाढीको जोखिमबाट जोगिन दुबै किनारामा वृक्षारोपण गर्दै जैविकइञ्जिनियरिङ्ग पद्दतीलाई जोड दिनु पर्ने ।

१२. हुलाकी तथा ग्रामीण सडकका बीच बीचमा पर्ने नदी तथा खोलाहरुको प्राकृतिक बहाव क्षेत्रलाई साँघुरो पारेर पुल बनाउँदा वर्षा याममा बाढीले पुल नै भत्काउने, पानी थुनिएर गाउँ, वस्ती तथा जमिन डुवाउने गरेकाले बहाव क्षेत्रलाई साँघुरो नपारी पुल तथा अन्य संरचनाहरु निर्माण गर्नु पर्ने ।

१३. वैज्ञानिक सर्भेक्षण र वातावरणीय अध्ययन मूल्यांकन विनै सडकहरुको निर्माण हुने गरेकोले आगामी दिनहरुमा यस तर्फ सवै तहका सरकारहरुले ध्यान दिनु पर्ने ।

१४. पुलको दायाँवायाँ ५०० मिटरसम्म, वन तथा संरक्षित क्षेत्र आसपासका खोलामा थुप्रिएको वालुवा निकाल्न नपाउने सरकारी नीतिका कारण पूल नै पुरिन लाग्दा र वस्तीभन्दा खोलाको सतह अग्लो हुँदा वस्ती बगाउने, डुवानमा पर्ने जस्ता समस्या सिर्जना भएको भन्ने बुझिन आएकोले यस प्रकारको नीतिमा पुनरावलोकन गरी निश्चित मापदण्ड तय गरी लागू गर्नु पर्ने ।

१५. हरेक वर्ष विस्थापित हुनेहरुलाई अस्थायी तवरबाट पुर्नस्थापना गर्ने गरेकोले हरेक वर्ष पुनः विस्थापित हुने समस्या दोहोरिन गएको पाईएकोले यसतर्फ विशेष ध्यान दिनु पर्ने ।

१६. स्थानीय तथा प्रदेश तहमा आपतकालिन कोषको स्थापना गरिनु पर्ने ।

१७. प्राकृतिक विपद्को व्यवस्थापनको लागि तीनै तहका सरकारहरुबीच समन्वय कायम गर्नु पर्ने ।

१८. विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी सवै तहका सरोकारवालाहरु पूर्वतयारी अवस्थामा रहनु पर्ने ।

१९. स्थानीय तहले नदीजन्य पदार्थहरु ठेक्कामा लगाउने नीतिगत व्यवस्थामा सुधार गरी जिल्ला समन्वय समिति मार्फत ठेक्कामा लगाउन व्यवस्था गरिनु पर्ने ।

२०. चुरेदेखि भारतको तल्लो तटीय क्षेत्रसम्म द्वीपक्षीय समझदारी गरी बाँध बनाउनु पर्ने ।

२१. प्रकृति श्रोतको दोहन, वन क्षेत्र तथा नदीको अतिक्रमण, अवैज्ञानिक विकासका गतिविधि जस्ता मानव निर्मित कारणहरुले बर्षेनी बाढी तथा डुवानका समस्या श्रृजना हुने गरेकाले तीनै तहका सरकारले जनचेतना बढाउने र यस सम्बन्धमा भएका नीतिहरुको समेत पुनरावलोकन गर्नु पर्ने ।

२२. उद्धार, राहत, पुर्नस्थापना जस्ता कार्यमा सर्वप्रथम जुट्ने सुरक्षा निकाय भएकाले ती निकायहरुलाई साधन श्रोत सम्पन्न बनाउने र सुरक्षा निकायका जीर्ण कार्यालयको समेत मर्मत सम्भार गर्नु पर्ने ।

२३. आपत्कालीन अवस्थामा आश्रय स्थलहरु आवश्यक हुने हुँदा हरेक वडाहरुमा पर्याप्त मात्रामा यस प्रकारका आश्रय स्थलहरुको निर्माण गर्ने तर्फ ध्यान दिनुपर्ने ।

२४. नदीनालाको वर्गीकरण गरी सोही वर्गीकरण बमोजिम तिनको संरक्षण गर्ने तथा नदी नियन्त्रणका योजनाहरु कार्यान्वयन गर्नु पर्ने ।

२५. चुरे देखि भारतको सीमानासम्मकानदीका तटीय क्षेत्रको एकमुष्ट संरक्षण गर्नु पर्ने ।

२६. विभिन्न खोलाको बहाव रोक्न ठोस नीति नियम बनाई लागू गर्नु पर्ने ।

२७. खोलानालाको प्राकृतिक बहाव र चौडाई क्षेत्रको अतिक्रमण र संरचना निर्माण रोक्न आवश्यकता अनुरुप ठोस कानून बनाउनु पर्ने ।

